नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
लाजिम्पाट, काठमाडौं

मिति २०८३/०३/३० गते ।

ने.सं. ११४६,

## प्रेस विज्ञप्ती: ८५

## "बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कर्जा रकम दुरुपयोग गर्न नहुने कसूरमा संलग्न व्यक्ती पक्राउ"

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागले २०८३ असारमा तयार गरेको विशेष स्थलगत निरीक्षण प्रतिवेदन अनुसार एशियन भिलेज रिसोर्ट प्रा.लि.ले रिसोर्ट निर्माण र जग्गा खरिदका लागि प्रभु बैंक लिमिटेडबाट रु. ४८ करोड कर्जा लिएकोमा उक्त कम्पनीले बैंकको नाममा जग्गा दृष्टिबन्धक नगरी पछि गर्ने भन्ने कबुलियतनामा कागज गराई लिएको कर्जा उक्त प्रा.लि.का अध्यक्षको पारिवारिक सम्बन्ध भएका व्यक्ति तथा आफ्नै समूहका अन्य ऋणी कम्पनीहरूको बक्यौता तिर्न प्रयोग गरी कर्जाको रकम दुरुपयोग गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ बमोजिम कर्जाको दुरुपयोग गर्न नहुने कसूर गरेकोमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोलाई नेपाल राष्ट्र बैंकबाट अनुसन्धान गर्न लेखी आएको हुँदा निम्न व्यक्ती उपर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा सम्मानित उच्च अदालत पाटनबाट अनुमती लिई मिति २०८३/०३/३० गते काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०९, पिंगलास्थानबाट पक्राउ गरी अनुसन्धान कार्य भईरहेको ।

**निम्न:**
**पक्राउ परेको व्यक्तीको नाम/थर:** शशिधर शर्मा
**उमेर:** ५८ वर्ष
**ठेगाना:** जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका वडा नं. ०४
**हैसियत:** एशियन भिलेज रिसोर्ट प्रा.लि. का अध्यक्ष

अनुपम शमशेर ज.व.रा
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रबक्ता/सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११